# मिथिलानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल
आ.ले.प शाखा

प.सं.:-०८०/०८१
चलानी नं.:- ८६५

मिति:-२०८०/०९/०३

विषय :-आन्तरिक लेखा परिक्षण प्रतिवेदन वारे ।

श्रीमान् नगर प्रमुख ज्यू,
मिथिला नगरपालिका,
ढल्केवर,धनुषा ।

प्रस्तुत विषयमा यस नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७७ को उपदफा वमोजिम आर्थिक वर्ष २०७९/०८०को आन्तरिक लेखा परिक्षण कार्य सम्पन्न गरी देखिएका व्यहोरा आन्तरिक लेखा परिक्षण प्रतिवेदन मार्फत पेश गरेको व्यहोरा अनुरोध छ ।

.........................
सफल थापा
आन्तरिक लेखा परीक्षक

## आर्थिक कारोबारको स्थिति

| पद | नाम | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्री रचिन्द्र डंगोल | २०७९/०४/०१ देखि २०७९/१२/२९सम्म | |
| कार्यालय प्रमुख | श्री बसन्त न्यौपाने | २०७९/१२/२९ देखि २०८०/०३/३१सम्म | |
| लेखा प्रमुख | श्री गणेश भण्डारी | २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्म | |

| क्र.सं. | लेखा परीक्षणमा देखिएका व्यहोरा | बेरुजु |
|---|---|---|
| १ | **वित्तीय विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको असार मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्ने एवं सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्दछ । | |
| २ | आन्तरिक नियन्त्रण प्रणाली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को विभिन्न दफाहरुमा उल्लेख भएका व्यवस्था लगायत अन्य प्रचलित कानुनमा व्यवस्था भएका व्यहोराहरु कतिपय पालना नगराएको र कतिपय आंशिक रुपमा मात्र पालना भएका व्यहोराहरु सुधार गर्दै आगामि दिनमा लागु गर्ने तर्फ कार्यलयले ध्यान दिनुपर्ने देखिन्छ ।<br>□ निजामति सेवा ऐन, २०४९ को दफा ७ ख (२) बमोजिम तलबी प्रतिवेदन पारित गराई मात्र तलबी खर्च लेख्नुपर्नेमा सो गरेको पाइएन । तसर्थ, तलबी प्रतिवेदन पारित गरी मात्र भुक्तानी लेख्नुपर्ने देखिन्छ ।<br>□ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार वार्षिक खरिद योजना तयार नगरेको<br>□ भ्रमण अभिलेख प्रतिवेदन नराखेको,<br>□ सार्वजनिक खरिद नियमावली नबनाएको,<br>□ डोजर सञ्चालनको आम्दानी र खर्चको अभिलेख नराखेको,<br>□ म.ले.प. फारम नं. २ लाई अध्यावधिक गर्नुपर्ने,<br>□ वार्षिक लक्ष्य तथा प्रगतिविवरण अनुसूची २ बमोजिम तयार गर्नुपर्ने देखिन्छ । | |
| ३. | **जटिल संरचना निर्माण सम्बन्धमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेसिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले जटिल प्राविधिक पक्ष समावेश हुनु पूर्वाधार संरचना निर्माणकार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यवसायिक र अनुभव निर्माण व्यवसायीफर्मबाट बोलपत्रमार्फत गराउनु उपयुक्त हुने देखिन्छ । | |

सामर्थ थापा
आ.ले.प. शाखा प्रमुख

| | | |
|---|---|---|
| ४ | योजना कार्यान्वयन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३४ बमोजिम नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा स्थानिय स्तरको विकासकालागि आवधिक, वार्षिक, रणनितिगत एवं क्षेत्रगत विषयको मध्यकालीन तथा दिर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले तत्अनुसार मध्यकालीन तथा दिर्घकालीन विकास योजना बनाएको देखिदैन । अत: योजना बनाई कार्यान्वयन गर्नु पर्दछ । | |
| ५ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ (१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसमान सम्झौतामा प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाबाट खरिद भएको मालसमानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ६ | **नापी किताब:** निर्माण सम्बन्धि कामको विवरण नापी किताबमा अभिलेख रुपमा जनाई राख्नुपर्दछ । प्रयोग भएको नापी किताबहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई निकासा दिई प्रयोग गर्नुपर्नेमा कम्प्यूटरबाट राखि लुजसिटको रुपमा प्रयोग गरेको देखियो । लुजसिटहरु एकिकृत गरी राखेको समेत पाइएन । लुजसिटमा निर्माण कार्यको नापिकिताब, अभिलेख परीक्षण तथा मूल्याङ्कन गर्न कठिन देखिन्छ । लुजसिटमा राखेका नापी हराउने र नोक्सान हुने सम्भावना बढी रहने हुँदा निर्माण कार्यको अभिलेख नापि किताबको रुपमा राखि सोको नियन्त्रण गर्न नापी किताब नियन्त्रण खाता उपयोगमा ल्याउनुपर्ने देखिन्छ । | |
| ७ | **स्थानीय न्युनतम दररेट:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का दफा १२ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका निर्माण कार्य तथा अन्य सेवाको प्रायोजनकालागि निर्माण सामाग्री ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने उल्लेख छ तर पालिकाले स्थानीय न्यूनतम दररेट तोकेको पाइएन । | |
| ८ | **चौमासिक आय र व्ययको विवरण चौमासिक प्रगति विवरण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र स्थानीय सञ्चित कोषमा भएको आय र व्ययको विवरण प्रत्येक महिनाको ७ दिनभित्र सार्वजनिक गर्नुपर्ने र स्थानीय सञ्चित कोषमा भएको आय र व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थमन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने उल्लेख छ । पालिकाले आय र व्ययको विवरण चौमासिक सार्वजनिक नगर्नाले सार्वनिक सुशासनको अवस्था राम्रो नभएको तथा चौमासिक रुपमा शिर्षक खुल्ने गरी आय र व्यय विवरण तयार नगरेकाले स्वीकृत बजेट अनुसारको आय र व्यय भएको यकिन गर्न नसकिने देखिन्छ । | |
| ९ | **पदाधिकारी सुविधा:** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७७ बमोजिम प्रमुख र उपप्रमुखले ४ पाङ्ग्रे सवारी सुविधाको मापदण्ड र इन्धन मापदण्डको उल्लेख नगरी खर्च गरेको देखिन्छ । निजी प्रयोगका सामान मोबाइलफोन जस्ता सुविधा दिनुपर्ने कानुनमा देखिदैन र सवारी लगबुक इन्धन खर्चको अभिलेख समेत देखिएन । | |

| क्र.सं. | पदाधिकारीको नाम | सुविधा | रकम (रु) |
|---|---|---|---|
| १ | सुनिता सिंह बुढाथोकी, उप-प्रमुख | मोबाईल फोन | ३९२३२ |

लगबुक तयार नगरी इन्धन खर्चिएकाले कति इन्धन प्रयोग भएको बारे यकिन गर्न नसकिएकाले कार्यालयले नगरप्रमुख, उपप्रमुखलाई इन्धन उपलब्ध गराउदा ऐनले तोकेको मापदण्ड भित्र रहि उपलब्ध गराउनु पर्ने र सो को लगबुक समेत भराई अभिलेख राख्नु पर्ने देखिन्छ ।

**१०** मिति २०७९।०६।१३ गते भौचर नं. ३९ मार्फत त्रिदेव प्रेसलाई विधुतिय माध्यमबाट सहजै उपलब्ध हुनसक्ने फारमहरुको भुक्तानीवापत ठूलो रकम भुक्तानी भएको देखिन्छ । तसर्थ पालिकाले यस्ता खर्चहरुमा मितव्ययिता अपनाउनुपर्ने देखिन्छ ।

| क्र.सं. | विवरण | परिमाण | दर | मूल्य |
|---|---|---|---|---|
| १ | नागरिकता फाराम (अनुसूची-१) | ५२ $\frac{१}{७}$ | ६००।- | ३६,४००।- |
| २ | नागरिकता फाराम प्रतिलिपी | ५२ $\frac{१}{७}$ | ६००।- | ३६,४००।- |
| ३ | का.स.मू फाराम (सहायक) | ६० | १०।- | ६००।- |
| ४ | सम्पती विवरण फाराम | ३०० | ५।- | १५०० |

**११** **भ्रमण खर्च:** कार्यालयले भ्रमण खर्च बिल भर्पाइको परीक्षण पछि मात्र भुक्तानी दिनुपर्दछ । निम्न बढी भुक्तानी असुल गर्नुपर्ने ।

| भौचर नं. | नाम | भुक्तानी भएको | हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|
| ८६ | कमलेश कु. महतो | ६२०० | ५४०० | ८०० |
| ८६ | सुनिल यादव | ६२५० | ५५०० | ७५० |

रकम: १,५५०

**१२** **हाजिरी जवाफ प्रतियोगिता:** मिति २०७९।०७।२१ मा गो. भौचर नं. ८० मार्फत श्री राष्ट्रिय आधारभूत विद्यालय श्रीपुरलाई जाहिरी जवाफ प्रतियोगिता सञ्चालन गर्नका निम्ति रु २०००० भुक्तानी भएकाले सो कार्यक्रम भएको पुष्ट्याइ गर्ने कागजात पेश गरि नियमित गर्नुपर्ने रकम रु. २०,०००

**१३** मिति २०७९।०८।२० मा गोश्वारा भौचर १३७ मार्फत मिलन देवी श्रीवास्तवलाई बाल-दिवसको अवसरमा कार्यक्रम सञ्चालन गर्न रु.३३४९४ भुक्तानी गरिएकोमा सो कार्यक्रममा नृत्य प्रतियोगिता आयोजना गरेको देखिन्छ, उक्त कार्यक्रममा प्रशिक्षण वापत रकम समेत बुझेको उल्लेख रहेकोले असुल गरी दाखिला गर्नुपर्ने रकम रु. २,२१०

**१४** मिति २०७९।०८।२० मा भौचर नं. १२५ मार्फत श्री शिलाकुमारीले रु.१२३६०० भुक्तानी दिदा देहाय बमोजिमका शिर्षकहरुमा भुक्तानी दिईएको देखिन्छ ।

| क्र.सं. | विषय | रकम |
|---|---|---|
| १ | खाना, खाजा | २८७९० |
| २ | सवारी साधन मर्मत | १४०२२ |

**के कस्तो कार्यक्रममा खाना, खाजामा खर्च गरिएको हो प्रमाण पेश हुन पर्ने, इन्धन प्रयोगको व्यहोरा**

| मिति | परिमाण | रकम (रु) |
|---|---|---|
| २०७९/०४/१८ | १० लि. | १८१० |
| २०७९/०४/१८ | १० लि. | १८१० |
| २०७९/०५/०७ | १० लि. | १८१० |
| २०७९/०५/१७ | १० लि. | १८१० |

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><td>२०७९/०५/२३</td><td>१० लि.</td><td>१८१०</td></tr>
<tr><td>२०७९/०६/०७</td><td>१० लि.</td><td>१८१०</td></tr>
<tr><td>२०७९/०६/१२</td><td>१० लि.</td><td>१८१०</td></tr>
</table>
सवारी नं. ००२ प ८१३७ मा मासिक ३० लि. सम्म इन्धन प्रयोग भएको देखिन्छ, यसरी मासिक रुपमै ३० लि. ईन्धन के कति प्रयोजनका लागि प्रयोग भएको हो सोको पुस्टाई हुने विवरण लगबुकमा अद्यावधिक राखि सम्बन्धित वडाले खर्चलाई मितव्ययी बनाउन तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
</td>
<td></td>
</tr>
<tr>
<td>१५</td>
<td>मिति २०७९।०७।२७ मा गो.भौचर नं. ११५ मार्फत श्री कृष्ण कु. महतोलाई नगरप्रमुखको अतिथि सत्कार वापत पेश्की स्वरुप रकम रु.१०,०००।- उपलब्ध गराईएको देखिन्छ, स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७७ बमोजिम नगर प्रमुखले मासिक रुपमैं उक्त सुविधाको लागि रकम बुझ्ने व्यवस्था रहेकोमा दोहोरो पर्ने गरी अतिथि सत्कारका लागि खर्च दिन नमिल्ने भएकाले असुल गरी दाखिला गर्नुपर्ने रकम रु.</td>
<td>१०,०००</td>
</tr>
<tr>
<td>१६</td>
<td>आर्थिक सहायता तथा कार्यक्रमगत सहयोग: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा व्यवस्था गरिएको गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्तर्गत आर्थिक सहायता तथा सहयोग दिन मिल्ने व्यवस्था भएको देखिदैन साथै मिथिला नगरसभाबाट सो सम्बन्धी कार्यविधि समेत बनाएको देखिदैन, तर नगरपालिकाले नगरकार्यपालिकाको निर्णयलाई आधार मानी विभिन्न मिति आर्थिक सहयोग तथा इन्धन सहयोग खर्च लेख्ने गरेको देखिन्छ, त्यस्ता खर्चहरुलाई नियन्त्रण गर्नु पर्ने वा नगरपालिकाको आफ्नै कार्यविधि बनाई सो बमोजिम नै त्यस्ता कार्य सम्पादन हुन उपयुक्त देखिन्छ ।</td>
<td></td>
</tr>
<tr>
<td>१७</td>
<td>नर्म्सको प्रयोग: सार्वजनिक खरिद नियामवली, २०६४ को नियम १० को उपनयम २ मा निर्माण कार्यको लागत अनुगमन तयार गर्दा निर्माण सम्बन्धि भए त्यस्तो नर्मस बमोजिम, त्यस्को नर्म्स नभएको अवस्थामा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने देखिन्छ । नर्म्सको प्रयोग गर्दा सकेसम्म किफायति नर्म्स प्रयोग गरी सरकारी स्रोत साधनको मितव्ययी प्रयोग गरिनु पर्दछ । पालिकाले उपभोक्ता समितिमार्फत संचालन गरेको निर्माण कार्यमा डोलीडारको नर्म्स प्रयोग गरेको पाइयो । तर विश्लेषणालाई आधार मान्दा डोलीडारको नर्म्स भन्दा त्यही कार्यमा प्रयोग हुने सडक विभागको नर्म्स किफायति हुने देखिन्छ । लेखापरीक्षण गर्दा किफायति नर्म्स प्रयोग नगरी बढी दरको नर्म्सको आधारमा कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समितिलाई भुक्तानी गर्दा पालिकालाई थप आर्थिक भार पर्न जाने देखिने हुँदा नर्म्सको प्रयोग गर्दा खर्चको मितव्ययीतालाई ध्यान दिनु जरुरी देखिन्छ ।</td>
<td></td>
</tr>
<tr>
<td>१८</td>
<td>सीमा भन्दा बढीको कार्य उपभोक्ता समिति मार्फत: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा रु. एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने तर उक्त लागत अनुमानमा १५% ओभरहेड, मू.अ. कर र उपभोक्ता योगदान समेत समावेश हुने उल्लेख छ,<br>
पालिकाले १५% ओभरहेड, ओभरहेड र मू.अ. कर समावेश नगरि ९० लाख सम्मको लागत अनुमान तयार गरि निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको देखियो । उक्त रकममा १५% ओभरहेड र मू.अ. कर समावेश गर्दा रु १ करोड भन्दा बढी हुने देखिदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम विपरित कार्य सम्पादन गरेको देखिन्छ,
<table>
<tr><th>गो. भौ. नं.</th><th>उपभोक्ता समितिको नाम</th><th>ओभरहेड र मू.अ. कर बाहेकको लागत अनुमान (रु.)</th><th>ओभरहेड र मू.अ. कर समेतको लागत अनुमान (रु)</th><th>भुक्तानी रकम (रु)</th></tr>
</table>
</td>
<td>८४,४७,५०७</td>
</tr>
</table>

<table>
<tr><td></td><td>३</td><td>रामकिशुन ठाकुरको घर देखि रुपलाल टोल सम्मको पिच</td><td>१०,००,०००।-</td><td>१,१७,००,०००।-</td><td>८४,४७,५०७।-</td><td></td></tr>
</table>

<table>
<tr><td>क)</td><td>उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत काम गराएकोः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिले पाएको काम उपभोक्ता समिति आफैले सम्पन्न गर्नु पर्ने, कुनै निर्माण व्यवसायी वा सब- कन्ट्र्याक्टरबाट गराउन नसकिने उल्लेख छ । रामकिशुन ठाकुरको घर देखि रुपलाल टोल सम्मको पिच निर्माण उपभोक्ता समिति मार्फत गराईएको निर्माण कार्यको कागजात, बिल, भर्पाई परिक्षण गर्दा निर्माण व्यवसायीबाट उपभोक्ता समितिको नाममा बिल बिजक जारि गरेको रकम बढी तर उपभोक्ता समितिको योगदान न्यून देखिने बिल भर्पाईमा पालिकाबाट रकम भुक्तानी गरेको देखियो । उपभोक्ता समितिबाट कार्य गरेको उल्लेख गरेता पनि उपभोक्ता समितिले पेश गरेको बिलबिजक तथा कागजात परिक्षण गर्दा निर्माण व्यवसायीबाट नै कार्य गरेको पाईएकोले त्यस्तो कार्य गर्दा निर्माणको सम्भावित प्याकेज तयार गरि प्रतिष्पर्धात्मक तवरबाट गराउनु पर्ने देखिन्छ,<br>खुला प्रतिष्पर्धात्मक तवरबाट जटिल प्रकृतीका निर्माण कार्य नगराई उपभोक्ता समितिको श्रममूलक योगदान न्यून रहने कार्य समेत उपभोक्ता समिति मार्फत गराईएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>ख)</td><td>भुक्तानी करः आयकर ऐन, २०५८ को दफा ८९ को १ वमोजिम उपभोक्ता समितिलाई ५० हजार भन्दा वढीको भुक्तानीमा १.५% अग्रिम आय कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले देहायको भुक्तानीमा ऐन अनुसार लाग्ने करकट्टी नगरी भुक्तानी गरेकाले ऐन वमोजिम लाग्ने कर असुल गर्नुपर्ने ।
<table>
<tr><th>गो.भौ. नं.</th><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी रकम (रु.)</th><th>करको दर</th><th>कर रकम(रु.)</th><th>भुक्तानी रकम (रु)</th><th>थप कर असुल (रु.)</th></tr>
<tr><td>३</td><td>रामकिशुन ठाकुरको घर देखि रुपलाल टोल सम्मको पिच</td><td>८४,४७,५०७</td><td>१.५%</td><td>१२६७१५</td><td>५२५००</td><td>७६२१५</td></tr>
</table></td><td>७६,२१५</td></tr>
<tr><td>१९</td><td>मिति २०७९/१०/२० मा गो.भौ. नं २३३ मार्फत वडा नं. ५का वडा सचिव सत्यमान थिङ्गले वडा संचालन खर्च वापत विल भरपाई पेश गरी रकम भुक्तानी लिएको देखिन्छ र सोको कागजात परिक्षण गर्दा निम्न व्यहोरा देखिन्छ ।</td><td></td></tr>
<tr><td>क)</td><td>मधेश प्रदेशको स्थानीय तहका पादिधिकारी तथा सदस्यहरुको सेवासुविधा सम्बन्धी ऐन २०७७ वमोजिम उक्त वडा का वडा अध्यक्षज्यूले तथा अन्य सदस्यज्यूले मासिक रुपमै अतिथि सत्कारका लागि रकम वुझिलिएकोका सोहि प्रयोजनका लागि दोहोरो हुनेगरी अतिथि सत्कारका लागि भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने ।</td><td>७,१२०</td></tr>
<tr><td>ख)</td><td>भ्रमण स्वीकृत वेगार भ्रमण खर्च भुक्तानीः उक्त वडाका वडा सचिव श्री सत्यमान थिङ्गले भ्रमण आदेश समेत स्वीकृत नगराई भ्रमण खर्च भुक्तानी लिएको रकम असुल गरी दाखिला गर्नुपर्ने</td><td>१६,७००</td></tr>
</table>

शाखा प्रमुख

<table>
<tr><td>२०</td><td>आर्थनिक सहायता तथा कार्यक्रम सहयोगः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा व्यवस्था गरिएको गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्तर्गत आर्थिक सहायता तथा सहयोग गर्न मिल्ने व्यवस्था भएको देखिदैन ,साथै यस नगरपालिकाले सो सम्बन्धी आफ्नो कार्यविधि समेत वनाएको देखिदैन, नगरपालिकाले कार्यपालिकाको निर्णय अनुसार विभिन्न आर्थिक सहयोग तथा इन्धन सहयोग खर्च लेख्ने गरेको दिखिन्छ, कतिपय अवस्थामा अन्य सरकारी निकायकफ खर्च समेत आफुखुशी भुबक्तानी गरेको देखिन्छ, जसले गर्दा भुक्तानी दोहोरो पर्न सक्ने देखिन्छ जसका केही उदाहारणहरु निम्न छन् ।
<table>
<tr><th>मिति गो.भौ. नं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२०७९।१०।२० गते २४२</td><td>ईलाका प्रहरी ढल्केवरलाई सवारी मर्मतका लागि</td><td>२७५११९।००</td></tr>
<tr><td>२०७९।१०।२९ गते २९५</td><td>किशोरी ठाकुर नामक व्यक्तिलाई निजको अवस्था दयनिय रहेको भनी निजको हवस्था प्रमाणित हुने कागजात समेत संलग्न नराखि सहयोग</td><td>१००००।००</td></tr>
<tr><td>२०७९।०८। गते १२४</td><td>श्री कार्तिक कुँवर गुम्वा मेलालाई नगर प्रमुख श्री महेन्द्र महतोको तोकआदेश मार्फत सहयोग भुक्तानी करकट्टी वाहेक</td><td>१९२००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td>बढी भुक्तानीः मिति २०७९ साल पुष १७ गते मा गो.भौ.नं १७२ मार्फत वडा नं १० को वडा सचिव श्री प्रियंका दमहतोलाई वडा सञ्चालन खर्च वापत भुक्तानी भएको विल भरपाइ कागजात परिक्षण गर्दा त्यस वडाका वडा सचिव र पशु प्राविधिकलाई भ्रमण आदेश वमोजिम भन्दा वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने ।
<table>
<tr><th>नाम पद</th><th>भुक्तानी भएको</th><th>भुक्तानी हुनुपर्ने</th><th>वढी भएको रकम</th></tr>
<tr><td>प्रियंका महतो वडा सचिव</td><td>७०००।००</td><td>५३००।००</td><td>१७००।००</td></tr>
<tr><td>चिरनजिवि गिरी पशु प्राविधिक</td><td>४१००।००</td><td>५७००।००</td><td>१६००।००</td></tr>
</table>
</td><td>३,३००</td></tr>
<tr><td>२२</td><td>दोहोरो सुविधाः मधेश प्रदेश स्थानिय तहका दपदाधिकारी तथा सदस्यको सेवासुविधा सम्बन्धि ऐन, २०७७ मा कुनै जनप्रतिनिधिले सवारीसाधानको सुविधा नलिएमा निजलाई मासिक रुपमा एकमुष्ट रकम उपलब्ध गराईने र निजले अन्य इन्धन मर्मत आदि केही पनि सुविधा नपाउने स्पष्ट व्यवस्था भएकोमा यस नगरपालिकाका वडा नं १ का वडा अध्यक्ष श्री जोगी महतोले मासिक रुपमा यातायात वापतको रकम एकमुष्ट बुझ्ने गरेको पाईएकाले निजलाई दोहोरो पर्नेगरी मिति २०७९।१०।०७ गते गो.भौ. नं. २०८ मार्फत उपलबेध गराईएको इन्धन वापतको रकम असुल गरी दाखिला गर्नुपर्ने ।</td><td>१६,२००</td></tr>
<tr><td>२३</td><td>पुर्ण कागजात वेगर भुक्तानीः कार्यालजयको भुक्तानी दिनु अगावै विल भरपाई कागजात आदि राम्रोसंग परिक्षण गरेर मात्रै भुक्तानी दिने व्यवस्था छ तर कार्यालयले यस नगरपालिकाको वडा नं ११ मा क्षमता अभिबृद्धि तथा जनचेतना मुलक कार्यक्रम सञ्चालन गरेवापत श्री रत्न परामर्श प्रा लिलाई भुक्तानी गरेको रु ४९०६००।०० भुक्तानी गरेको विलभरापई परिक्षण गर्दा निम्न व्यहोरा देखिन्छ ।</td><td></td></tr>
<tr><td>क)</td><td>उक्त कार्यक्रममा प्रशिक्षकको सो कार्यक्रम सञ्चालन गर्न आवश्यक योग्यता यकिन नगरी कार्यक्रममा प्रशिक्षक दिन योग्य रहेको प्रमाण पशे हुनुपर्ने अन्यथा निजबाट दसो रकम असुल उपर गरी दाखिला गर्नुपर्ने ।</td><td>६८,०००</td></tr>
</table>

<table>
<tr><td>ख)</td><td>मधेश प्रदेश सकरारको प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को अनुसुचि २ को दफा १५ मा जिल्ला तथा स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्दा संयोजक वापत तोकिएको रकम भन्दा वढी भुक्तानी भएको रकम सुल हुनुपर्ने ।
<table>
<tr><th>नाम</th><th>पद</th><th>हुनुपर्ने दर</th><th>भएको दर</th><th>वढी रकम</th></tr>
<tr><td>पवन घिमिरे</td><td>संयोजक</td><td>१४४० कर बाहेक</td><td>५१०० कर बाहेक</td><td>३३६०</td></tr>
</table></td><td>३,६६०</td></tr>
<tr><td>ग)</td><td>प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ अनुसार कार्यालयले यातायात खर्च भुक्तानी दिदाँ पूर्ण रुपमा यकिन गरी मात्रै यातायात खर्च उपलब्ध गराउनुपर्नेमा सो नगरी स्थानीय स्तरमै कार्यक्रम गराई वा सञ्चालन गरेको भएतापनि प्रतिदिन रु ५०० का दरले सम्पूर्ण सहभागिलाई यातायात खर्च उपलब्ध गराएको नियमसम्वत नदेखिएको ।</td><td>१०,२००</td></tr>
<tr><td>२४</td><td>कार्यसम्पन्न प्रतिवेदनः गो.भौ.नं. २८७ मिति २०८०।०३।१७ गते ह्युम्पाइप खरिद गरेको भनी मु. अ. कर सहित रु १९९१२२ भुक्तानी दिइएकोमा सो ह्युम्पाइप दाखिला गरेको देखिएन र सो ह्युम्पाइप प्रयोग कहाँ कहाँ भएको हो सोको कार्यसम्पन्न प्रतिवेदन तयार नगरकोले सो सम्बन्धी प्रमाण पेश हुनुपर्ने ।</td><td>१,९९,१२२</td></tr>
<tr><td>२५</td><td>मेशिन प्रयोग गरी कार्य गरिएकोमा मान्छेको दरमा भुक्तानीः मिति २०८०/०२/२८ मा गो.भौ.नं. १२३ मार्फत वडा न ७को नाला निर्माण उपभोक्ता समितिलाई प्राविधिक सिफारिस बमोजिम भुक्तानी भएको देखिन्छ तर उक्त कार्य कागजात,फोटो आदि परिक्षण गर्दा Excavator प्रयोग गरी उत्खन्न कार्य गराएर मान्छेको दरमा भुक्तानी दिएको देखिएकाले निम्न रकम असुल गरी दाखिला गर्नुपर्न ।
<table>
<tr><th>विवरण</th><th>हुनुपर्ने रकम रु</th><th>भएको रकम रु</th><th>बढी भुक्तानी असुल</th></tr>
<tr><td>Excavator For Foundation Earth Work in Excavation oF Foundation of Structures (453.52964cum)</td><td>४६६६८।२०</td><td>३३५६११।२४</td><td>२८८९४३।००</td></tr>
</table></td><td>२,८८,९४३</td></tr>
<tr><td>२६</td><td>बढी दरमा भुक्तानीः मिति २०८०/०२/०८ गते मा गो.भौ.नं. ......मार्फत अधुरव कर्वड हल निर्माण कार्यका लागि कुल विनयोजित रु १० लाख मा नियमानुसार करकट्टी गरी प्राविधिक सिफारिस वमोजिम रु ९ लाख ५५ हजार ८ सय ६३ भुक्तानी भएको देखिन्छ,उक्त कार्यको नापी किताव विल भरपाई परिक्षण गर्दा साधारण १८mm Waterproopf ply प्रयोग गरी बढी दर राखि भुक्तानी गरेको पाइएकोले सो रकम असुल गरी दाखिला गर्नुपर्ने ।
<table>
<tr><th>विवरण</th><th>परिमाण</th><th>भएको दर</th><th>हुनुपर्ने दर</th><th>बढी</th></tr>
<tr><td>१८mm Waterproopf ply at Grade (g"4')</td><td>३६८।९९ वर्ग मिटर</td><td>रु.२१६३ मु.अ.कर सहितका दर रु. ७९८४७१।३०</td><td>रु.१५५३.७५ मु.अ.कर सहितका दर रु. ५७३३१८।२१</td><td>रु.२२५१५३</td></tr>
</table></td><td>२,२५,१५३</td></tr>
<tr><td>२७</td><td>Vibtratory Roller प्रयोग नगरी सो कार्यको भुक्तानीः यस नगरपालिका वडा नं.२ अन्तर्गतको सुखजोरको कृषि बाटो निर्माणका लागि कुल विनियोजित रकम रु १ लाख ५० हजार मध्ये करकट्टी गरी रु १ लाख ४२ हजार ७ सय ८२ भुक्तानी भएको देखिन्छ, सोको कागजात परिक्षण गर्दा उक्त कार्यमा Vibtratory Roller प्रयोग भएको कुनै प्रमाण नदेखिएता पनि सो काम समेत नापी कितावमा चढाई भुक्तानी भएकोले सो रकम असुल गरी दाखिला गर्नुपर्ने ।
<table>
<tr><th>विवरण</th><th>नापी किताव अनुसार</th><th>असुल हुनुपर्ने रकम</th></tr>
<tr><td>Vibtratory Roller</td><td>१५०।४१ cumको रु ७२।६४ कर प्रति दर</td><td>रु.१०९२५।७८</td></tr>
</table></td><td>१०,९२५।७८</td></tr>
</table>